# नेपाल राष्ट्र बैंक
भुक्तानी प्रणाली विभाग

बालुवाटार, काठमाडौं
फोन:४४१९८०४/५/७
एक्स्टेन्सन: ६१४/६११/६०६
फ्याक्स: ४४४३८७८
E-mail : psdept @nrb.org.np
Web : www.nrb.org.np


पत्र संख्याः भु.प्र.वि/RTGS/ /०७९/८०

मितिः २०७९/०७/०६

# सूचना

सम्पूर्ण सरोकारवाला व्यक्ति तथा निकायहरु ।

**विषय : राय/सुझाव उपलब्ध गराईदिने बारे ।**

यस बैंकबाट तयार गरिएको *"दैनिक तरलता सुविधा सम्बन्धी कार्यविधि (दोस्रो संशोधन, २०७९), २०७६"* को मस्यौदा बैंकको वेबसाइट www.nrb.org.np मा राखिएको व्यहोरा अनुरोध गर्दछु । उक्त मस्यौदामा कुनै परिमार्जन गर्नुपर्ने देखिएमा सो सम्बन्धमा तहाँको राय/सुझाव २०७९ कात्तिक २५ गतेभित्र लिखित रुपमा यस विभागमा अथवा यस विभागको इमेल ठेगाना psdept@nrb.org.np मा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

कार्यकारी निर्देशक

# दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि (दोस्रो संशोधन, २०७९), २०७६

मस्यौदा

नेपाल राष्ट्र बैंक,

भुक्तानी प्रणाली विभाग

२०७९, कात्तिक

# <u>दैनिक तरलता सुविधा सम्बन्धी कार्यविधि (दोश्रो संशोधन, २०७९), २०७६</u>

## प्रस्तावना

नेपाल राष्ट्र बैंकबाट सञ्चालन भएको Real Time Gross Settlement (RTGS) System द्वारा कारोबार फछ्र्यौट हुने क्रममा RTGS Settlement Account मा मौज्दात अपुग भई तत्काल भुक्तानी हुन नसक्ने अवस्था आएमा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई तत्काल आवश्यक पर्ने तरलता उपलब्ध गराउने उद्देश्यले **दैनिक तरलता सुविधा** (Daily Liquidity Facility) प्रदान गर्ने व्यवस्था गर्न आवश्यक देखिएकोले नेपाल राष्ट्र बैंक ऐन (दोस्रो संशोधन, २०७३), २०५८ को दफा ११०(३) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम **"दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि (दोश्रो संशोधन, २०७९), २०७६"** रहेको छ ।

(ख) यो कार्यविधि गभर्नरबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) आर.टि.जि.एस. (Real Time Gross Settlement -RTGS) प्रणाली भन्नाले भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५ को दफा २(ख) बमोजिमको प्रणाली सम्झनुपर्दछ ।

(ख) "ओभरनाइट तरलता सुविधा" भन्नाले संस्थाले उपयोग गरेको दैनिक तरलता सुविधामध्ये सोही दिनको तोकिएको समय सीमाभित्र राफसाफ हुन बाँकी रहेको रकम तोकिएको ब्याजदरमा ओभरनाइट अवधिका लागि यस बैंकबाट उपलब्ध गराईएको सुविधालाई सम्झनुपर्दछ ।

(ग) "कार्यालय" भन्नाले बैंकका प्रदेशस्थित कार्यालयहरु सम्झनुपर्दछ ।

(घ) "गभर्नर" भन्नाले नेपाल राष्ट्र बैंकको गभर्नर सम्झनुपर्दछ ।

(ङ) "दैनिक तरलता सुविधा" भन्नाले वास्तविक समय (Real Time) मा बैंक तथा वित्तीय संस्थाहरुको कारोबार फछ्र्यौट प्रक्रियालाई सहज बनाउन बैंकबाट उपलब्ध गराइने सुविधा सम्झनुपर्दछ ।

(च) "धितो व्यवस्थापन खाता" (Collateral Management Account) भन्नाले आर.टि.जि.एस. प्रणालीमा वास्तविक समयमा संस्थाहरुको कारोबार फछ्र्यौट प्रक्रियालाई सहज बनाउने उद्देश्यले सहभागी संस्थाको स्वामित्वमा रहेको ग्राह्य सुरक्षणपत्र धितो लिई सोको आधारमा संस्थाको नाममा बैंकमा खोलिने स्वीकृत सुविधा सीमा सहितको खाता सम्झनुपर्दछ ।

(छ) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक सम्झनुपर्दछ ।

(ज) "राफसाफ खाता" (Settlement Account) भन्नाले आर.टि.जि.एस. प्रणालीमा सहभागी संस्थाहरुको प्रणालीमा हुने भुक्तानी कारोबारहरुका लागि प्रयोग हुने खातालाई सम्झनुपर्दछ ।

(झ) “विभाग” भन्नाले भुक्तानी प्रणाली विभाग सम्झनुपर्दछ ।

(ञ) “विभागीय प्रमुख” भन्नाले विभागको प्रमुखको रुपमा कामकाज गर्नेगरी जिम्मेवारी तोकिएका बैंकका कार्यकारी निर्देशक सम्झनुपर्दछ ।

(ट) “सुरक्षणपत्र” भन्नाले नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली (प्रथम संशोधन, २०७९), २०७८ को विनियम २६ मा तोकिए बमोजिमका ट्रेजरी बिल्स, विकास ऋणपत्र लगायतका सरकारी ऋणपत्रहरु, नेपाल राष्ट्र बैंक ऋणपत्र र बैंकद्वारा निर्धारित अन्य सुरक्षणपत्र सम्झनुपर्दछ ।

(ठ) “संस्था” वा “सहभागी संस्था” भन्नाले नेपाल राष्ट्र बैंकबाट सञ्चालित आर.टि.जि.एस. प्रणालीमा आवद्ध इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरु सम्झनुपर्दछ ।

## परिच्छेद-२

### दैनिक तरलता सुविधा उपयोगसम्बन्धी व्यवस्था

**३. दैनिक तरलता सुविधा उपयोग गर्ने प्रक्रिया**

(क) यस बैंकबाट सञ्चालित आर.टि.जि.एस. प्रणालीमा सहभागी संस्थाले मात्र दैनिक तरलता सुविधा उपयोग गर्न पाउने छन् ।

(ख) दैनिक तरलता सुविधा उपयोग गर्नका लागि सम्बन्धित संस्थाले कम्तीमा दुईजना आधिकारिक व्यक्तिको दस्तखत र संस्थाको छाप लागेको निवेदन विभागमा पेश गर्नुपर्नेछ । निवेदनको ढाँचा **अनुसूची १** मा उल्लेख भएबमोजिम हुनेछ ।

(ग) दैनिक तरलता सुविधा उपयोग गर्नका लागि सम्बन्धित संस्थाले यस बैंकको मौद्रिक व्यवस्थापन विभागसँग दैनिक तरलता सुविधासम्बन्धी सम्झौता गर्नुपर्नेछ । सम्झौताको ढाँचा **अनुसूची-२** मा उल्लेख भएबमोजिम हुनेछ ।

(घ) दैनिक तरलता सुविधा रकम सीमालाई बैंकको धितो व्यवस्थापन खातामा जम्मा गर्ने प्रयोजनका लागि धितो व्यवस्थापन खाता खोल्न यस बैंकको बैंकिङ विभागमा निवेदन दिनुपर्नेछ । निवेदनको ढाँचा **अनुसूची-३** मा उल्लेख भएबमोजिम हुनेछ । सोही आधारमा बैंकिङ विभागले प्रचलित लेखा निर्देशिका तथा बैंकिङ कार्य निर्देशिका बमोजिम निवेदक संस्थाको नाममा खाता खोली खाता नम्बर प्रदान गर्नेछ ।

(ङ) दैनिक तरलता सुविधावापत उपयोग गर्नसक्ने अधिकतम सुविधा सीमा र अवधिको लागि संस्थाले मौद्रिक व्यवस्थापन विभागसँग भएको सम्झौता र बैंकिङ विभागबाट खोलिएको खाताको विवरण तथा धितो राखिने सुरक्षणपत्रको सक्कलै प्रति (ब्याज भुक्तानी पुर्जा भएका सुरक्षणपत्रको हकमा सो समेत) सहित अनुसूची-४ बमोजिमको निवेदन मौद्रिक व्यवस्थापन विभागमा दिनुपर्नेछ । सोको आधारमा पेश भएका सुरक्षणपत्र रोक्का राखी मौद्रिक व्यवस्थापन विभागले धितो व्यवस्थापन खातामा सुविधा रकमको सीमा र अवधि निर्धारण गरी प्रचलित बैंकिङ प्रणालीमा प्रविष्ट गर्नेछ ।

(च) संस्थाले उपयोग गर्न सक्ने दैनिक तरलता सुविधा वापतको अधिकतम सुविधा रकम **परिच्छेद-४ बुँदा नं. ६(क)** बमोजिमको सीमा ननाघ्ने गरी धितो राखिएका सुरक्षणपत्रको मूल्याङ्कनको आधारमा कायम गरिनेछ ।

(छ) प्राप्त सुरक्षणपत्रको आधारमा धितो व्यवस्थापन खातामा रकम मौज्दात कायम भएपश्चात् दैनिक तरलता सुविधा उपयोग गर्न सकिनेछ र सो कारोबारको हिसाब फरफारक सोही दिनको तोकिएको समयभित्र गरिनेछ ।

(ज) दैनिक तरलता सुविधामार्फत संस्थाले उपयोग गरेको रकम तोकिएको समय सीमाभित्र फरफारक हुन नसकेमा स्वीकृत सीमासम्मको रकम ओभरनाइट तरलता सुविधाका रुपमा उपयोग गर्न सकिनेछ । यस्तो सुविधामा लाग्ने ब्याजको गणना प्रचलित बैंकदरमा गरिनेछ । सार्वजनिक बिदाका कारण सुविधाको समय एकदिन भन्दा बढी भएमा पनि सो अवधिको ब्याज गणनासमेत बैंकदरमा नै गरिनेछ ।

## परिच्छेद-३

## धितोसम्बन्धी व्यवस्था

### ४. धितो सुरक्षणको शर्त र सीमासम्बन्धी व्यवस्था

(क) दैनिक तरलता सुविधा उपयोग गर्नका लागि नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली (प्रथम संशोधन, २०७९), २०७८ को विनियम २६ बमोजिमका सुरक्षणपत्र धितोमा राख्नु पर्नेछ र यस्ता सुरक्षणपत्रहरुको परिपक्व हुने अवधि रोक्का अवधिभन्दा पछाडि हुनुपर्नेछ । धितो राखिएका सुरक्षणपत्रको परिपक्व अवधिसम्बन्धी जानकारी गराउने दायित्व संस्था स्वयंको हुनेछ ।

(ख) धितो राखिएको सुरक्षणपत्रको अधिकतम ९० प्रतिशतसम्म यस कार्यविधि बमोजिमका सुविधा उपलब्ध गराइनेछ ।

(ग) ओभरनाइट तरलता सुविधा उपयोग गरे बराबरको रकम बैंकको नियमानुसार कायम गर्नुपर्ने बैधानिक तरलता अनुपात (SLR) र खुद तरल सम्पत्ति अनुपातमा (Net Liquid Asset Ratio) मा गणना गर्न पाइने छैन ।

(घ) संस्थाले बुँदा नं. ६ (क) का आधारमा न्यूनतम तीन महिना अवधिका लागि दैनिक तरलता सुविधा सीमा लिनुपर्नेछ । यस्तो सुविधावापत धितो राखिएका सुरक्षणपत्र मौद्रिक व्यवस्थापन विभागको सहमतिमा त्रैमासिक रुपमा परिवर्तन वा थपघट गर्न सकिने छ र सोहीअनुसार यस्तो सुविधाको नयाँ सीमा कायम हुनेछ ।

(ङ) दैनिक तरलता सुविधाको सीमा वृद्धि गर्नु परेमा थप सुरक्षणपत्रको सक्कलै प्रति (ब्याज भुक्तानी पुर्जा संलग्न भएका सुरक्षणपत्रको हकमा सो समेत) मौद्रिक व्यवस्थापन विभागमा पेश गर्नु पर्नेछ र सोहीबमोजिम पुनः नयाँ सीमा कायम गरिने छ ।

(च) दैनिक तरलता सुविधा सम्झौताअन्तर्गत धितो राखिएका सुरक्षणपत्रको संस्थाले समेत छुट्टै अभिलेख राख्नु पर्नेछ । मौद्रिक व्यवस्थापन विभागले आवश्यकताअनुसार त्यस्तो अभिलेख निरीक्षण गर्न सक्नेछ ।

(छ) उपत्यका बाहिरका संस्थाले धितो राख्नुपर्ने सुरक्षणपत्रको सक्कलै प्रति यस बैंकको नजिकको कार्यालयमा पेश गर्नुपर्नेछ । कार्यालयले मौद्रिक व्यवस्थापन विभागलाई सोको जानकारी गराई उक्त विभागले सम्बन्धित संस्थाको सीमा कायम गरिदिनुपर्नेछ ।

(ज) दैनिक तरलता सुविधावापत धितो रहेका सुरक्षणपत्रहरु खुलाबजार कारोबार, अन्तरबैंक सापटी

लगायत अन्य कुनै पनि प्रयोजनमा दोहोरो धितोको रुपमा एकैसाथ प्रयोग गर्न वा बिक्री गर्न पाइने छैन ।

**५. सुरक्षणपत्रको रोक्का तथा फुकुवासम्बन्धी व्यवस्था**

(क) दैनिक तरलता सुविधावापत धितोमा राखिएका सुरक्षणपत्र सुविधा अवधिभर यस बैंकका नाममा रोक्का रहनेछ ।

(ख) दैनिक तरलता सुविधावापत धितोको रुपमा रहेका सुरक्षणपत्र रोक्का अवधि समाप्त भएपछि वा यस कार्यविधिबमोजिम संस्थाले अनुरोध गरेमा सो खाताबाट रोक्का फुकुवा वा फिर्ता गर्न सकिनेछ र सोहीबमोजिम सुविधाको नयाँ सीमा कायम गरिनेछ । सुरक्षणपत्र फुकुवा वा फिर्ता वा थप रोक्का गर्न संस्थाले मौद्रिक व्यवस्थापन विभाग/प्रदेशस्थित कार्यालयमा अनुसूची-५ बमोजिमको निवेदन दिनुपर्नेछ ।

# परिच्छेद-४

## दैनिक तथा ओभरनाइट तरलता सुविधासम्बन्धी व्यवस्था

**६. सुविधाको सीमा तथा भुक्तानीसम्बन्धी व्यवस्था**

(क) आर.टि.जि.एस. प्रणालीमा सहभागी संस्थाले बिगत कारोबारहरुको विश्लेषणका आधारमा आफ्नो दैनिक तरलता आवश्यकता अनुमान गरी सोही बमोजिम धितो व्यवस्थापन खाताको सीमा निर्धारणका लागि अनुरोधगर्नुपर्नेछ ।

(ख) संस्थाको धितो व्यवस्थापन खाताबाट विभिन्न कारोबार समयमा उपयोग गरिएको रकम आर.टि.जि.एस. प्रणालीको दैनिक कारोबार तालिका (Business Day Schedule) को ILF Returns Period भित्र धितो व्यवस्थापन खातामा फिर्ता गरी सक्नुपर्नेछ । ILF Returns अवधि बैंकले जारी गरेको RTGS System Rules, 2019 बमोजिम हुनेछ ।

(ग) आर.टि.जि.एस. प्रणालीको ILF Returns Period मा राफसाफ खातामा रहेको मौज्दातबाट सोही दिन संस्थाले उपयोग गरेको दैनिक तरलता सुविधावापतको रकम स्वतः शोधभर्ना हुनेछ । तर, संस्थाले चाहेमा आवश्यकतानुसार आर.टि.जि.एस. प्रणालीको राफसाफ खातामा रिजर्भको रुपमा मौज्दात छुट्ट्याउन सक्नेछ । यस्तो सुविधा शोधभर्ना हुन नसकेमा सो सुविधालाई ओभरनाइट सुविधाको रुपमा उपयोग गर्न सकिनेछ ।

(घ) सहभागी संस्थाले ओभरनाइट सुविधा फिर्ता भुक्तानी गरेको आधारमा धितो व्यवस्थापन खाताबाट उपलब्ध हुने दैनिक तरलता सुविधाको सीमा कायम हुनेछ ।

(ङ) अघिल्लो कार्यदिन उपयोग भएको ओभरनाइट सुविधा चालु कार्यदिनको आर.टि.जि.एस. ILF Returns Period भित्रमा सहभागी संस्थाले आफ्नो राफसाफ खाताबाट धितो व्यवस्थापन खातामा रकमान्तर गरी शोधभर्ना गर्नुपर्नेछ । यसरी शोधभर्ना गरी आर.टि.जि.एस. ILF Returns Period भित्रको कुनै पनि समयमा धितो व्यवस्थापन खाता पूर्ण सीमामा आएपछि अघिल्लो कार्यदिन उपयोग भएको ओभरनाइट सुविधा भुक्तानी भएको मानिनेछ ।

(च) संस्थाले चालु कार्यदिनको आर.टि.जि.एस. ILF Returns Period भित्रको कुनै पनि समयमा

अघिल्लो कार्यदिनमा उपयोग गरेको ओभरनाइट सुविधा राफसाफ गर्न नसकेमा अर्थात् धितो व्यवस्थापन खाता पूर्णरुपमा शोधभर्ना गर्न नसकेमा धितो व्यवस्थापन खाताको कुल सीमाबाट अघिल्लो कार्यदिन उपयोग भएको ओभरनाइट सुविधा घटाई बाँकी हुन आउने रकमसम्मलाई चालु कार्यदिनको लागि ओभरनाइट सुविधाको सीमा कायम गरिनेछ र यस्तो सुविधा बैंक दरमा उपलब्ध गराइनेछ। तर, यसरी कायम हुन आएको सीमाभन्दा बढी ओभरनाइट सुविधा आवश्यक पर्ने भएमा उक्त सीमाबाट धितो व्यवस्थापन खाताको सीमासम्मको ओभरनाइट सुविधामा बैंक दरमा ५० प्रतिशत थप गरी अतिरिक्त ब्याज लगाइनेछ।

*उदाहरणको लागि संस्थाको धितो व्यवस्थापन खाताको कुल सीमा रु.२० अर्ब छ, अघिल्लो कार्यदिन ओभरनाइट सुविधा रु.१६ अर्ब उपयोग भएको छ, चालु कार्यदिनको आर.टि.जि.एस. ILF Returns Period भित्रको कुनै पनि समयमा ओभरनाइट सुविधा शोधभर्ना हुन सकेको छैन भने चालु कार्यदिनको लागि ओभरनाइट सुविधाको सीमा रु.४ अर्ब कायम गरी सो सुविधा बैंक दरमा र उक्त सीमाबाट धितो व्यवस्थापन खाताको सीमासम्मको ओभरनाइट सुविधामा बैंक दरमा ५० प्रतिशत थप गरी अतिरिक्त ब्याज लगाइनेछ (**थप उदाहरण तालिका १**)।*

**तालिका १: ओभरनाइट सुविधामा ब्याज गणना गरिने विधि**

| ***शीर्षक*** | ***रकम रु. अर्बमा*** | |
|---|---|---|
| | ***प्रकरण - १*** | ***प्रकरण - २*** |
| दैनिक तरलता सुविधाको लागि संस्थाले लिएको कुल सीमा (**क**) | *२०* | *२०* |
| अघिल्लो दिन उपयोग गरी राफसाफ नभएको ओभरनाइट सुविधा (**ख**) | *१६* | *५* |
| चालु कार्यदिनमा बैंकदरमा उपयोग गर्न सकिने ओभरनाइट सुविधा (**ग**) = (**क-ख**) | *२०-१६=४* | *२०-५=१५* |
| मानौ, चालु कार्यदिनमा संस्थाले उपयोग गर्नुपर्ने ओभरनाइट सुविधा (**घ**) | *१९* | *१३* |
| चालु कार्यदिन बैंकदरमा ५० प्रतिशत थप गरेर उपयोग गर्न सकिने ओभरनाइट सुविधा (**घ** भन्दा **ग** कम भएमा मात्र) (**ङ = घ - ग**) देखि अधिकतम लिएको कुल सीमासम्म। | *१९-४=१५* | *०* |

(छ) संस्थाले आर.टि.जि.एस. ILF Returns Period भित्रको कुनै पनि समयमा आफूले उपयोग गरेको ओभरनाइट सुविधा धितो व्यवस्थापन खातामा लगातार तीन कार्यदिनसम्म पनि पूर्ण रुपमा फिर्ता गर्न नसकेमा बुँदा नं. ७ बमोजिम थप सुरक्षणपत्र यस बैंकमा धरौटी राख्नुपर्नेछ।

## ७ थप धितो सुरक्षण, सीमा परिवर्तन र हिसाब फरफारक सम्बन्धी व्यवस्था

(क) सहभागी संस्थाले लगातार तीन कार्यदिनसम्म ओभरनाइट सुविधा राफसाफ गर्न नसकेमा तेस्रो कार्यदिनको आर.टि.जि.एस. ILF Returns Period मा कायम रहेको बक्यौता रकम अर्को कार्यदिनको १२ बजेभित्र नगदै भुक्तानी गर्नुपर्नेछ र नगदै भुक्तानी गर्न असमर्थ भएमा यस्तो बक्यौता रकमलाई ९० प्रतिशत बराबर मानी सोको आधारमा १०० प्रतिशत बराबरको थप सुरक्षणपत्र मौद्रिक व्यवस्थापन विभागमा धरौटी राखी धितो व्यवस्थापन खातालाई बैंकले कायम गरिदिएको सीमामा

ल्याउनु पर्नेछ। उक्त बक्यौता रकम भुक्तान नभएसम्म उक्त रकममा बैंक दरमा ५० प्रतिशत थप गरी अतिरिक्त ब्याज लगाइनेछ। यस्तो रकम भुक्तानी भएपश्चात् सीमाभन्दा बढी धरौटीमा राखिएको सुरक्षणपत्र फुकुवा हुनेछ।

(ख) सहभागी संस्थाले बुँदा नं. ७ (क) बमोजिम थप सुरक्षणपत्र धरौटी राख्न नसकेमा साविकको सीमाबाट उपयोग भएको ओभरनाइट सुविधा घटाई नयाँ सीमा कायम गरिने छ। तर, धितो व्यवस्थापन खाताको सीमासम्म सुविधा उपयोग भई नयाँ सीमा कायम नहुने अवस्थामा दैनिक तरलता सुविधा बन्द गरिने छ। उक्त रकम भुक्तान नभएसम्म बैंक दरमा ५० प्रतिशत थप गरी अतिरिक्त ब्याज हिसाब गरिनेछ। यस्तो रकम भुक्तान भएपश्चात् धरौटीमा राखिएको सुरक्षणपत्र फुकुवा भई साविकको सीमा कायम हुनेछ।

(ग) बुँदा नं. ७ (ख) बमोजिमको बक्यौता रकम भुक्तानी हुनु अगावै धरौटीमा रहेको सुरक्षणपत्र परिपक्व भएमा बैंक दरमा थप ५० प्रतिशतले हुन आउने ब्याजसहित लेनादेना हिसाव राफसाफ गरिनेछ।

**८. असुली सम्बन्धी व्यवस्था**

कुनै संस्थाले यस कार्यविधि बमोजिम तोकिएको अवधिभित्र आफूले उपयोग गरेको ओभरनाइट सुविधा भुक्तानी गर्न नसकेमा बैंकले संस्थाको नाममा यस बैंकमा रहेको कुनै पनि खाताको मौज्दातबाट सम्पूर्ण लेना रकम (तिर्न बाँकी सुविधा रकम, सो अवधिसम्मको ब्याज/हर्जाना र नियमानुसार लाग्ने शुल्क लगायतका रकमसमेत) असुल गर्न सक्नबेछ। यदि सो मौज्दातले सम्पूर्ण लेना रकम नखामेमा संस्थाले यस बैंकमा धरौटीमा राखेका सुरक्षणपत्र जफत गरी बैंकले आफ्नो स्वामित्वमा लिई वा बिक्री गरी असुल उपर गर्न सक्नेछ। साथै, बक्यौता रकम पूर्णरुपमा फरफारक नभएसम्म संस्थाको धितो व्यवस्थापन खाता प्रचलित लेखा निर्देशिका तथा बैंकिंग कार्य निर्देशिका बमोजिम रोक्का राखी दैनिक तरलता सुविधा बन्द गरिनेछ।

## परिच्छेद-५

## विविध

**९. कारोबारको अख्तियारी**

(क) यस कार्यविधि बमोजिमका **सुविधा** कार्यान्वयनका लागि जिम्मेवारी तोकिएका विभागहरुबाट हुने कारोबारको अख्तियारी सम्बन्धित विभागका विभागीय प्रमूखको हुनेछ।

(ख) यस कार्यविधिमा उल्लिखित सुविधा सीमा उपयोग सम्बन्धी शर्तहरु सहभागी संस्थाले पालना गरे/नगरेको भुक्तानी प्रणाली विभागले दैनिक रुपमा अनुगमन गर्नेछ। शर्तहरु पालना नभएका कारण सम्बन्धित संस्थालाई यस कार्यविधि बमोजिम अतिरिक्त ब्याज, हर्जाना एवम् जरिवाना लगाउनु पर्ने भएमा सोको गणना गरी जरिवाना लगाउन बैंकिंग विभागलाई तत्काल लेखी पठाउनेछ।

(ग) यस कार्यविधि बमोजिम सहभागी संस्थाले पालना गर्नुपर्ने शर्तहरु पालना नभएका कारण बक्यौता रकम असुल गर्नुपर्ने भएमा मौद्रिक व्यवस्थापन विभागले संस्थाको धरौटीमा रहेको सुरक्षणपत्रहरु सकार वा बिक्री गरी त्यस्तो बक्यौता असुली गर्न सक्नेछ।

१०. दैनिक तथा ओभरनाइट तरलता सुविधा उपयोग गर्न पाउने संस्था, धितो राख्नुपर्ने सुरक्षणपत्र, सुविधाको अधिकतम सीमा, दैनिक तथा ओभरनाइट तरलता सुविधाको शुल्क, ब्याजदर तथा अन्य शर्तहरु समय-समयमा निर्धारण भए बमोजिम हुनेछ।

११. सहभागी संस्थाले **अनुसुची-६** मा तोकिएबमोजिमको तथ्याङ्क यस बैंकलाई मासिक रुपमा उपलब्ध गराउनुपर्नेछ ।

१२. यो कार्यविधिमा कुनै द्विविधा वा अस्पष्टता भएमा वा कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ आइपरेमा व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अन्तिम अधिकार गभर्नरमा निहित हुनेछ ।

मस्यौदा

**अनुसूची-१**

## दैनिक तरलता सुविधा उपयोग गर्ने निवेदन

मितिः-

......../....../....

**नेपाल राष्ट्र बैंक**

भुक्तानी प्रणाली विभाग

काठमाडौं, नेपाल ।

**विषयः- दैनिक तरलता सुविधा उपयोग गर्ने सम्बन्धमा ।**

महाशय,

नेपाल राष्ट्र बैंक, दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि (दोस्रो संशोधन, २०७९), २०७६ बमोजिम दैनिक तरलता सुविधा उपयोग गर्नका लागि आवश्यक व्यवस्था मिलाइदिनुहुन अनुरोध गर्दछौं । साथै, कार्यविधिका सबै शर्त तथा व्यवस्थाहरु पालना गर्नेछौं र कुनै पनि शर्तको पालना नगरेमा वा उल्लंघन गरेमा त्यहाँबाट हुने नियमानुसारको हर्जाना तथा अन्य कारबाहीको व्यवस्था मञ्जुर गर्दछौं ।

| **संस्थाको नाम :** | | |
|---|---|---|
| **आधिकारिक दस्तखतहरु** | | |
| दस्तखत | | |
| नाम | | |
| पद | | |
| कार्यालयको फोन नं: | | |
| मोबाइल नं. | | |

कार्यालयको छाप

## अनुसूची-२

# दैनिक तरलता सुविधासम्बन्धी सम्झौता

**प्रस्तावना**

आर.टि.जि.एस. प्रणालीबाट हुने प्रत्येक कारोबार वास्तविक समयमा फछ्र्यौट गर्नुपर्ने भएकोले आर.टि.जि.एस. राफसाफ खाता (Settlement Account) मा मौज्दात अपुग भई भुक्तानीमा समस्या परेमा संस्थालाई भुक्तानी फछ्र्यौटमा आवश्यक पर्ने तरलता उपलब्ध गराउन नेपाल राष्ट्र बैंक र आर.टि.जि.एस.मा सहभागी दैनिक तरलता सुविधा माग गर्ने संस्थाबीच सम्झौता गर्नुपर्ने भएकोले दैनिक तरलता सुविधा उपयोग गर्नका लागि सम्झौतामा संलग्न पक्षहरुको अधिकार एवम् कर्तव्यलाई निर्देशित गर्न देहायबमोजिमका शर्तहरु निर्धारण गरी नेपाल राष्ट्र बैंक (यसपछि "प्रथम पक्ष" अथवा ऋणदाता भनिएको) र ...................... ......................................(यसपछि "द्वितीय पक्ष" अथवा ऋणको उपयोगकर्ता भनिएको) बीच यो दैनिक तरलता सुविधा सम्झौता गरिएको छ ।

**शर्तहरु**

**१. कारोबार**

(क) दैनिक तरलता सुविधा सम्झौता अन्तर्गतको कारोबार भुक्तानी फछ्र्यौटका लागि "द्वितीय पक्ष" को आवश्यकताको आधारमा हुनेछ ।

(ख) द्वितीय पक्षलाई भुक्तानी फछ्र्यौटका लागि तत्काल आवश्यक पर्ने तरलता प्रदान गर्न दैनिक तरलता सुविधा सम्झौता गरिएको छ ।

(ग) दैनिक तरलता सुविधा सम्झौता अनुसारको रकम तोकिएका सुरक्षणपत्रको धितोमा निर्धारित समयावधि र व्यवस्थाबमोजिम प्रदान गरिनेछ ।

(घ) ...

(ङ) आर.टि.जि.एस. प्रणालीको कारोबार बन्द हुँदा द्वितीय पक्षले उपयोग गरेको सुविधा फिर्ता गरी हिसाव राफसाफ गर्नु पर्नेछ । यस्तो रकम द्वितीय पक्षको यस बैंकस्थित आर.टि.जि.एस. राफसाफ खाताबाट धितो व्यवस्थापन खाता (Collateral Management Account) मा स्वतः स्थानान्तरण हुनेछ ।

(च) संस्थाले उपयोग गरेको सुविधा रकम सोही दिन राफसाफ हुन नसकेमा प्रचलित बैंकदरमा ओभरनाइट तरलता सुविधाका रुपमा उपलब्ध गराइनेछ । यस्तो सुविधा चालु कार्यदिनको आर.टि.जि.एस. ILF Returns Period भित्र राफसाफ गरिसक्नुपर्नेछ ।

(छ) संस्थाले चालु कार्यदिनको आर.टि.जि.एस. ILF Returns Period भित्र धितो व्यवस्थापन खाता पूर्ण सीमामा ल्याउन नसकेमा धितो व्यवस्थापन खाताको कुल सीमाबाट अघिल्लो कार्यदिन उपयोग भएको ओभरनाइट सुविधा कट्टा गरी बाँकी हुन आएको रकमसम्ममा बैंकदरमा र सोभन्दा बढी तर धितो व्यवस्थापन खाताको सीमासम्मको ओभरनाइट सुविधामा बैंक दरमा ५० प्रतिशत थप गरी अतिरिक्त ब्याज लगाइनेछ ।

(ज) संस्थाले लगातार तीन कार्यदिनसम्म धितो व्यवस्थापन खाता पूर्ण सीमामा ल्याउन नसकेमा चौथो कार्यदिनको १२ बजेभित्र बक्यौता रकम नगदै भुक्तानी गर्नुपर्ने र अन्यथा सो बक्यौता रकमलाई ९० प्रतिशत बराबर मानी सोको आधारमा १०० प्रतिशत बराबरको थप सुरक्षणपत्र धरौटी राख्नुपर्नेछ । यस्तो बक्यौता रकम भुक्तानी नभएसम्म यस्तो रकममा बैंक दरमा ५० प्रतिशत थप गरी अतिरिक्त

ब्याज लगाइनेछ ।

(ञ) संस्थाले लगातार तीन कार्यदिनसम्म धितो व्यवस्थापन खाता पूर्ण सीमामा ल्याउन नसकेमा धितो व्यवस्थापन खाताको कुल सीमाबाट तेस्रो कार्यदिनको आर.टि.जि.एस. ILF Returns Period मा कायम हुन आएको बक्यौता रकम घटाई बाँकी हुन आउने रकमसम्ममा मात्र धितो व्यवस्थापन खाताको सीमा कायम गरिनेछ ।

## २. ग्राह्य सुरक्षण पत्र

(क) नेपाल सरकारद्वारा निष्काशित सुरक्षणपत्र, बैंकबाट निष्काशित नेपाल राष्ट्र बैंक ऋणपत्र तथा बैंकले समय समयमा तोकिदिएका अन्य सुरक्षणपत्र दैनिक तरलता सुविधा प्रयोजनका लागि ग्राह्य सुरक्षण पत्र मानिनेछ ।

(ख) यस सम्झौताअन्तर्गत कारोबार गर्न धितो राखिने ग्राह्य सुरक्षणपत्रको परिपक्व हुने अवधि (भुक्तानी अवधि) सुविधाका लागि तोकिएको रोक्का अवधिभन्दा पछाडि हुनु पर्नेछ ।

## ३. धितो

(क) द्वितीय पक्षले दैनिक तरलता सुविधा उपयोग गर्न तोकिएबमोजिमका ग्राह्य सुरक्षणपत्र धितो राख्नुपर्नेछ ।

(ख) धितो राखिएको सुरक्षणपत्र प्रथम पक्षको सहमतिमा परिवर्तन वा थपघट समेत गर्न सकिनेछ । सोही आधारमा दैनिक तरलता सुविधाको नयाँ सीमा कायम हुनेछ । एकपटक कायम भएको सुविधा सीमा सोही त्रयमासमा परिवर्तन गरिने छैन ।

(ग) यो सुविधावापत धितोको रुपमा राखिएको सुरक्षणपत्र यस कार्यविधिबमोजिम रोक्का फुकुवा भए बाहेक सुविधाको अवधिभर द्वितीय पक्षले बिक्री गर्न वा अन्य कुनै पनि प्रयोजनमा दोहोरो धितो सुरक्षण राख्न पाइने छैन । साथै, दैनिक तरलता सुविधा ओभरनाइट तरलता सुविधामा रुपान्तरण भएको अवस्थामा सो रकम बराबरको सुरक्षणपत्र संस्थाले बैंकको नियमानुसार कायम गर्नुपर्ने बैधानिक तरलता अनुपात (SLR) र खुद तरलता अनुपात (Net Liquidity Ratio) मा गणना गर्न पाउने छैन ।

(घ) धितोस्वरुप रहने सुरक्षणपत्र एकमुष्ट वा खण्डित वा दुवै हुन सक्नेछ ।

(ङ) यस सम्झौताअन्तर्गत कारोबारको लागि प्रयोगमा आउने धितोको अभिलेख संस्थाले छुट्टै राख्नु पर्नेछ ।

## ४. भुक्तानी तथा हस्तान्तरण

यस सम्झौताअन्तर्गत प्रथम र द्वितीय पक्षबीच गरिने सुरक्षणपत्र तथा नगदको हस्तान्तरणसम्बन्धी कार्य निर्धारित प्रक्रिया पूरा गरी तत्काल गर्नु पर्नेछ ।

## ५. प्रतिनिधित्व

यस सम्झौताअन्तर्गत हुने सुविधा कारोबारसम्बन्धी कार्यान्वयनलगायत भुक्तानी तथा हस्तान्तरणसम्बन्धी कार्यहरु सम्पादन गर्नको लागि दुवै पक्षको तर्फबाट अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गर्नु पर्नेछ ।

## ६. दायित्व निर्वाह गर्न असमर्थताको अवस्था र सोसम्बन्धी व्यवस्था

(क) भुक्तानीको निर्धारित समयावधिभित्र ओभरनाइट तरलता सुविधावापतको रकम फिर्ता गर्न असमर्थ भएमा वा प्रचलित दैनिक तरलता सुविधा सम्बन्धी कार्यविधि तथा सम्झौतामा उल्लेखित शर्तको पालना नगरेमा द्वितीय पक्षले दायित्व निर्वाह गर्न असमर्थ भएको मानिने छ ।

(ख) सम्बन्धित पक्षले दायित्व निर्वाह गर्न असमर्थ भएको अवस्थामा देहायबमोजिम हुनेछ :

(अ) संस्थाले ओभरनाइट तरलता सुविधावापत उपयोग गरेको रकम तोकिएको समय सीमाभित्र फछ्र्यौट गर्न नसकेमा सो रकम भुक्तान नभएसम्म यस कार्यविधिमा व्यवस्था भएबमोजिम ब्याज गणना गरिनेछ ।

(आ) तोकिएको समय सीमाभित्र भुक्तानी नभएको सुविधा रकम (तिर्न बाँकी सुविधा रकम र सो अवधिसम्मको ब्याज/हर्जाना रकम समेत) ३ (तीन) कार्यदिनभित्र (अन्तिम दिन विदा परेमा तत्पश्चात् कार्यालय खुलेको दिन) द्वितीय पक्षले राफसाफ नगरेमा धितो स्वरुप रहेका सुरक्षणपत्र सकार वा बिक्री गरी वा अन्य प्रक्रियाबाट बैंकले सम्पूर्ण बक्यौता रकम असुलउपर गर्नेछ । यसरी धितो सकार गर्दा सम्पूर्ण बाँकी रकम असुल हुनेगरी पहिले परिपक्व हुने सुरक्षण पत्रलाई प्राथमिकता दिइनेछ ।

(इ) कुनै कारणवश ऋण उपयोगकर्ता दामासाहीमा परेमा कारोबार माथिको ऋणदाताको अग्राधिकार दावी (सुरक्षणपत्र हस्तान्तरण) कायमै रहनेछ ।

(ई) तोकिएको समय सीमाभित्र आफूले उपयोग गरेको सम्पूर्ण सुविधा रकम भुक्तानी नगर्ने संस्थाको नाममा बैंकमा रहेका कुनै पनि खाताको मौज्दातबाट बैंकले आफ्नो बक्यौता रकम असुल गर्न सक्नेछ र बक्यौता रकम (तिर्न बाँकी सुविधा रकम र सो अवधिसम्मको ब्याज/हर्जाना रकम समेत) पूर्णरुपमा फरफारक नभएसम्म सो संस्थाको धितो व्यवस्थापन खाता प्रचलित लेखा निर्देशिका तथा बैंकिङ कार्य निर्देशिका बमोजिम रोक्का गरिनेछ ।

## ७. विविध

(क) यो सम्झौता "प्रथम पक्ष" र "द्वितीय पक्ष" ले हस्ताक्षर गरेको मितिदेखि लागू हुनेछ ।

(ख) "प्रथम पक्ष" ले यो सम्झौतामा संशोधन, परिमार्जन वा थपघट गर्नुपरेमा वा सम्झौता नै भंग गर्नुपरेमा द्वितीय पक्षलाई जानकारी गराई गर्न सक्नेछ । तर, बैकको नीतिगत व्यवस्था वा अन्य निर्णयबाट यस कार्यविधिमा भएका संशोधनहरु समेत यस सम्झौताका अभिन्न अंग हुनेछन् ।

(ग) यो सम्झौतामा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल राष्ट्र बैंक ऐन, २०५८; राष्ट्र ऋण ऐन, २०५९ ; राष्ट्र ऋण नियमावली, २०५९ लगायत अन्य प्रचलित नेपाल कानुन र बैंकको मौद्रिक नीति, निर्देशन तथा व्यवस्थासँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

(घ) यस सम्झौताको कार्यान्वयनसँग सम्बन्धित सम्पूर्ण कार्यहरु (खाता खर्च/जम्मा आदि) यस सम्झौताका पूरक कार्यको रुपमा रहने छन् ।

| | |
|---|---|
| **नेपाल राष्ट्र बैंकको तर्फबाट** | **... ... ... ... . को तर्फबाट** |
| **आधिकारिक प्रतिनिधि** | **आधिकारिक प्रतिनिधि** |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |

| | |
|---|---|
| विभागः | विभाग/फाँटः |
| बैंकको छापः | संस्थाको छापः |
| | |
| साक्षीः | साक्षी |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| विभागः | विभाग/फाँटः |

इति सम्बत २०...... साल ...... महिना ... गते रोज ... शुभम् ...........................................।

मस्यौदा

## अनुसूची-३

# धितो व्यवस्थापन खाता खोल्ने निवेदन

मितिः- ......../....../....

**नेपाल राष्ट्र बैंक**

बैंकिङ विभाग

काठमाडौँ, नेपाल ।

**विषयः- धितो व्यवस्थापन खाता खोल्ने निवेदन सम्बन्धमा ।**

महाशय,

नेपाल राष्ट्र बैंक, दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि (दोस्रो संशोधन, २०७९), २०७६ बमोजिम दैनिक तरलता सुविधा उपयोग गर्नका लागि धितो व्यवस्थापन खाता (Collateral Management Account) खोल्ने व्यवस्था गरिदिनु हुन अनुरोध गर्दछौं । साथै, दैनिक तरलता सुविधा वापतको ऋण सापटी तोकिएको समयमा चुक्ता गर्न असमर्थ भएमा वा अन्य शर्त पालना नगरेमा बैंकबाट हुने नियमानुसारको हर्जाना तथा अन्य कारबाही मञ्जुर गर्दछौं ।

| | | |
|---|---|---|
| **संस्थाको नाम :** | | |
| **खाता सञ्चालकहरु** | | |
| दस्तखत | | |
| नाम | | |
| पद | | |
| कार्यालयको फोन नंः | | |
| मोबाइल नंः | | |

भवदीय,

कार्यालयको छाप (अधिकृत) (अधिकृत)

**अनुसूची-४**

# दैनिक तरलता सुविधाको अधिकतम सीमा कायम तथा सुरक्षणपत्र धितो राख्ने सम्बन्धमा ।

मितिः- ......../....../......

**नेपाल राष्ट्र बैंक**

मौद्रिक व्यवस्थापन विभाग

काठमाडौँ, नेपाल ।

**विषयः- दैनिक तरलता सुविधाको अधिकतम सीमा कायम तथा सुरक्षणपत्र धितो राख्ने सम्बन्धमा ।**

महाशय,

यस ........................................................को स्वामित्वमा रहेको निम्न विवरणको सुरक्षणपत्र धितोको रुपमा यसै निवेदन साथ पेश गरेका छौ । उक्त सुरक्षणपत्र धितो राखी दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि (दोस्रो संशोधन, २०७९), २०७६ अनुरुप ..................... सम्मका लागि दैनिक तरलता सुविधा सीमा उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछौं । साथै, दैनिक तरलता सुविधाबाट रुपान्तरण भएको ओभरनाइट तरलता सुविधावापतको ऋण सापटी यस कार्यविधि बमोजिम चुक्ता गर्न असमर्थ भएमा वा अन्य व्यवस्था तथा शर्त पालना नगरेमा नियमानुसारको हर्जाना तिर्न तथा धितो स्वरुप राखिएका सुरक्षणपत्र बैंकबाट सकार वा बिक्री गरिएमा मन्जुर गर्दछौं ।

**धितो राखिएका सुरक्षणपत्रको विवरण** (रकम रु. करोडमा)

| सि.नं. | सुरक्षणपत्रको किसिम | सिरिज नं. | क्रम संख्या | भुक्तानी मिति | सुरक्षणपत्रको अंकित मूल्य |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| धितो राखिएका सुरक्षणपत्रको कुल अंकित मूल्य (१०० प्रतिशत) | | | | | |
| सुविधा वापत पाइने रकमको अधिकतम सीमा (९० प्रतिशत) | | | | | |

भवदीय,

कार्यालयको छाप

(अधिकृत)

(अधिकृत)

**अनुसूची-५**

# सुरक्षणपत्र फुकुवा/फिर्ता/थप रोक्कासम्बन्धी

मितिः ......../....../......

नेपाल राष्ट्र बैंक

मौद्रिक व्यवस्थापन विभाग

काठमाडौं, नेपाल ।

**विषयः सुरक्षणपत्र फुकुवा/फिर्ता/थप रोक्का सम्बन्धमा।**

महाशय,

त्यस बैंकबाट प्रदान गरिने दैनिक तरलता सुविधाका लागि पेश भएका यस संस्थाका देहायको विवरण सहितका सुरक्षणपत्र फुकुवा गरी फिर्ता पाउन वा थप रोक्का गरी नयाँ सीमा कायम गर्न अनुरोध गर्दछौं । साथै, धितो व्यवस्थापन खाता (Collateral Management Account) मा रोक्का रहेका सुरक्षणपत्र रोक्का फुकुवा वा थप रोक्का पश्चात् कायम रहने धितो विवरण तथा सुविधा सीमा निम्नानुसार हुने व्यहोरा समेत अनुरोध गर्दछौं ।

**फुकुवा/फिर्ता/थप रोक्का हुने सुरक्षणपत्रको विवरण**

**संस्थाको नाम :**

| सि.नं. | सुरक्षणपत्रको किसिम | सिरिज नं. | क्रम संख्या | भुक्तानी मिति | सुरक्षणपत्रको अंकित मूल्य |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

**नयाँ कायम हुने धितो सुरक्षणपत्र र सुविधा सीमा** (रकम रु. करोडमा)

| सि.नं. | सुरक्षणपत्रको किसिम | सिरिज नं. | क्रम संख्या | भुक्तानी मिति | सुरक्षणपत्रको अंकित मूल्य |
|---|---|---|---|---|---|
| १. | | | | | |

| सि.नं. | सुरक्षणपत्रको किसिम | सिरिज नं. | क्रम संख्या | भुक्तानी मिति | सुरक्षणपत्रको अंकित मूल्य |
|---|---|---|---|---|---|
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| धितो राखिएका सुरक्षणपत्रको कुल अंकित मूल्य (१०० प्रतिशत) | | | | | |
| सुविधा वापत मार्फत पाइने रकमको अधिकतम सीमा (९० प्रतिशत) | | | | | |

भवदीय,

कार्यालयको छाप (अधिकृत) (अधिकृत)

मस्यौदा

अनुसूची-६

**Monthly Reporting Requirements[1]**

Month…….Year……

Bank and Financial Institutions could generate records of daily maximum intraday liquidity usage, gross payments and receipts, time specific obligations and minimum liquidity available at the start of the business day based on the records of payment made and payment received each time during the business day through the RTGS system. RTGS participating institutions could keep the records of transactions in the following form and generate rest of the data;

| Time | Sent | Received | Net |
|---|---|---|---|
| | | | |
| | | | |

1. **Daily maximum intraday liquidity usage:**

| | Max | 2nd max | 3rd max | 4th max | 5th max | Monthly average |
|---|---|---|---|---|---|---|
| Largest Positive net cumulative position | | | | | | |
| Date of the Position | | | | | | |
| Largest Negative net cumulative position | | | | | | |
| Date of the Position | | | | | | |

2. **Available intraday liquidity at the start of the business day:**

| Heads | Min | 2nd min | 3rd min | 4th min | 5th min | Monthly average |
|---|---|---|---|---|---|---|
| Total value of available intraday liquidity at the start of the business day | | | | | | |
| Date of the position | | | | | | |
| Sources of intraday liquidity | | | | | | |
| -Cash | | | | | | |
| -CRR | | | | | | |
| -Government securities | | | | | | |
| -Interbank Lending | | | | | | |

[1] *Required by Principles for Sound Liquidity Risk Management and Supervision*


| Heads | Min | 2nd min | 3rd min | 4th min | 5th min | Monthly average |
|---|---|---|---|---|---|---|
| -Credit Lines | | | | | | |
| | | | | | | |

3. **Total Payments:**

| Heads | Max | 2nd max | 3rd max | 4th max | 5th max | Monthly average |
|---|---|---|---|---|---|---|
| **Gross payment sent** | | | | | | |
| **Date of the position** | | | | | | |
| **Gross Payment Received** | | | | | | |
| **Date of the position** | | | | | | |

4. **Time Specific Obligations:**

| Heads | Max | 2nd max | 3rd max | 4th max | 5th max | Monthly average |
|---|---|---|---|---|---|---|
| **Total value of TimeSpecific Obligation** | | | | | | |
| **Date of the Position** | | | | | | |




***चित्र:*** *तरलता सुविधा सीमा निर्धारण प्रक्रिया*

# दैनिक तरलता सुविधा उपयोग तथा फछ्र्यौट प्रकृया

